**बैठक संख्या २**

मिति २०७६।१२।२५ गते श्रीमान प्र.जि.अ. हुमकला पाण्डेज्यूको अध्यक्षतामा संघीय तथा प्रदेशसभाका माननीय सांसदज्यूहरु लगायत देहायका महानुभावहरुको उपस्थितिमा बसेको जिल्लास्तरीय Crisis Management Center (CMC) भक्तपुरको बैठकको निर्णय देहाय अनुसार रहेको छ।

**उपस्थिति:**

सल्लाहकार - अध्यक्ष श्री नवराज गेलाल, जिल्ला समन्वय समिति भक्तपुर

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय भक्तपुर
२. जिल्ला समन्वय अधिकारी श्री जगन्ननाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय भक्तपुर
३. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, विरदल गण सुर्यविनायक व्यारेक
४. प्रहरी उपरिक्षक श्री सविन प्रधान, महानगरीय प्रहरी परिसर भक्तपुर
५. सशस्त्र प्रहरी उपरिक्षक श्री विश्वकुमार भट्टराई, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण
६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय भक्तपुर
७. सहायक प्र.जि.अ. श्री दिलिपप्रसाद लामिछाने, जिल्ला प्रशासन कार्यालय भक्तपुर
८. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल
९. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय भक्तपुर – स्थायी आमन्त्रित

**विशेष आमन्त्रित**

१. माननीय महेश बस्नेत, संघीय सांसद
२. माननीय शशीजंग थापा, प्रदेश सांसद
३. माननीय कृष्णलाल भडेल, प्रदेश सांसद
४. माननीय राजेन्द्रमान श्रेष्ठ, प्रदेश सांसद
५. माननीय सरस्वती बाटी, प्रदेश सांसद
६. माननीय रंजन झोन्छे, प्रदेश सांसद
७. माननीय प्रतिमा श्रेष्ठ, प्रदेश सांसद
८. प्रमुख सोमप्रसाद मिश्र, चाँगुनारायण न.पा.
९. उपप्रमुख जुना बस्नेत, सुर्यविनायक न.पा.

**छलफलका विषय:**

१. हालसम्मको अवस्थाको समिक्षा
२. कोभिड १९ को रोकथाम नियन्त्रण र उपचारमा सहजीकरण तथा अनुमगन
३. औषधि उपकरण लगायत अत्यावश्यक बस्तुको अनुगमन
४. अस्पतालहरुमा मापदण्डअनुसारको आइसोलेसन र आइसियुको व्यवस्थापन
५. Patient Receiving Team (PRT) गठन
६. सूचना प्रवाहमा एकद्वार प्रणालीको व्यवस्थापन
७. विपन्न र गरिवलाई खाद्यान्न सहयोग
८. एम्बुलेन्सको उपलब्धता र कोभिड १९ को तयारी
९. खाद्यान्नको संचिति व्यवस्थापन

मिति २०७६।१२।२५ को बैठक संख्या २

## Crisis Management Center (CMC) भक्तपुरको बैठकको निर्णय

१. कोभिड १९ को संक्रमणबाट सुरक्षित रहनको लागि भक्तपुर जिल्लाको लागि आवश्यक पर्ने थप स्वास्थ्य सामग्री ४ वटै नगरपालिका र जिल्ला समन्वय समितिले संयुक्तरुपमा खरिद गर्ने।
२. भक्तपुर जिल्लामा यस अवस्थामा खाद्य संकट हुन नदिनको लागि ४ वटै नगरपालिकामा खाद्य सामग्रीहरु भण्डारण गर्ने व्यवस्था मिलाउने।
३. राहत सामग्री वितरण गर्दा विपन्न वर्गहरुको पहिचान गरी लगत तयारी परी वडा तहबाट वितरण गर्ने र सोको प्रभावकारी अनुगमन गर्ने।
४. भक्तपुर जिल्ला भित्र कृषकबाट उत्पादन भएका तरकारीहरु उपभोक्तालाई सहज रुपमा विक्री वितरण गर्न सबै नगरपालिकाहरुले वजारमा व्यवस्थापन गर्ने।
५. बिस्केट जात्रा मनाउने सम्बन्धमा भिडभाड नगरी अत्यावश्यक पूजा विधिमात्र संचालन गर्ने गरी सम्बन्धित नगरपालिकाहरुले व्यवस्था गर्ने।
६. भक्तपुर जिल्लामा तयारी अवस्थामा रहेका आइसोलेसन, आइसियु, भेन्टिलेटर बेड र एम्बुलेन्सहरु स्वास्थ्य कार्यालय भक्तपुरका प्रमुख कृष्ण बहादुर मिजारको संयोजकत्वमा सुरक्षा निकायहरुका प्रतिनिधि र स्थानीय तहका स्वास्थ्य संयोजकहरु सहितको टोलीले अनुगमन नियमन गरी सो को जानकारी गराउने।